## प्रस्तावहरु

प्रस्ताव नं. १ : ढुङ्गा, गिटी बालुवाको बिक्री तर्फको आन्तरिक आय ठेक्का स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव नं. २ : मेलम्ची नगरपालिका मनसुनजन्य विपद् प्रभावित राहत पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान तथा कोष सञ्चालन कार्यविधि, २०७८ स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ३ : मेलम्ची नगरपालिकाको मेलम्ची बाढीपीडित राहत तथा पुनर्स्थापना कोषमा विभिन्न संघ/संस्था तथा व्यक्तिहरुबाट जम्मा भएको रकमको जानकारी गराउने सम्बन्धमा।

प्रस्ताव नं. ४ : खर्च अनुमोदन तथा भुक्तानी सम्बन्धमा।

प्रस्ताव नं. ५ : बाढपीडित घर परिवार अस्थायी परिचय–पत्र वितरण गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ६ : बाढीपीडितहरुलाई नगद राहत प्याकेज प्रदान गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ७ : तारजाली खरिद र खानेपानी व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ८ : न्यूनतम दररेट स्वीकृत गरी खरिद प्रक्रिया अगाडि बढाउने सम्बन्धमा।

प्रस्ताव नं. ९ : बाढीबाट क्षेती भएका खेती योग्य जग्गा जमिनहरुको तथ्याङ्क संकलन गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १० : बाढीको पूर्व सूचना दिने साइरन जडानको भुक्तानीका लागि मेलम्ची खानेपानी विकास समितिलाई अनुरोध गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ११ : राहत उपलब्ध गराउने सम्बन्धमा।

प्रस्ताव नं. १२ : ठेक्का रद्द गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १३ : बजेट थप गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १४ : अस्पताल निर्माण गर्नको लागि बोलपत्र आव्हान गर्न अनुरोध गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १५: कार्यालय सहायक होमनाथ दाहाललाई सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा।

प्रस्ताव नं. १६ : बजार अनुगमन प्रतिवेदनको छलफल सम्बन्धमा।

प्रस्ताव नं. १७ : राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा खर्च भएको रकम भुक्तानी दिने सम्बन्धमा।

प्रस्ताव नं. १८ : वैकल्पिक मोटर बाटो संचालनका लागि बजेट व्यवस्था सम्बन्धमा।

प्रस्ताव नं. १९ : स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको संशोधित योजनाको रकम नगरस्तरीय विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २० : आफ्नो गाउँ आफैं बनाउँ विशेष कार्यक्रमको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. २१ : भू–उपयोग कार्यान्वयन समिति गठन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २२ : सुपरिवेक्षक तथा गणकहरुको पारिश्रमिक भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. २३ : समय थप गरी पदपूर्ति गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २४ : सवारी साधन मर्मत खर्च भुक्तानी गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २५ : घरभाडा सम्झौता अनुमोदन र भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. २६ : खरदि प्रक्रिया अगाडि बढाउने तथा अनुमोदन गर्ने सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं. १ : आ.व. २०७८/०७९ मा मेलम्ची नगरपालिका क्षेत्र भित्रको ईन्द्रावती नदी तर्फ ढँडखोला देखि माथि मेलम्ची नगरपालिकाको सिमाना खाल्डे खोलासम्म र मेलम्ची नदी तर्फ तालामाराङसम्मको IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुङ्गा, गिटी, बालुवा, स्लेट, रोडा बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) मार्फत आन्तरिक राजस्व संकलनको लागि मिति २०७८/०२/०५ मा मेलम्ची नगरपालिकाबाट रु. २०,५०,००,०००।– मा बोलपत्र आव्हान गरिएकोमा उक्त बोलपत्र सूचना बमोजिम काठमाडौं महानगरपालिका वडा नं. १०, बानेश्वर स्थित तीनपिप्ले निर्माण सेवाले मू.अ.कर बाहेक कूल जम्मा रु. २४,९५,५७,५१४।– (अक्षरुपी चौबिस करोड पन्चानब्बे लाख सन्ताउन्न हजार पाँच सय चौध रुपैयाँ मात्र) मा बोलपत्र पेश गरी मूल्याङ्कन समितिको मूल्याङ्कन प्रतिवेदन र सिफारिस बमोजिम मिति २०७८/०३/०७ मा कबोल अंङ्क (मू.अ.कर सहित) रु. २८,१९,९९,९९०।८० सहित बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ आशयको सूचना समेत प्रकाशन गरिएको हुँदा निज तिनपिप्ले निर्माण सेवाले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएको र बोलपत्र पेश गर्ने अन्य बोलपत्रदाताहरुको भन्दा उच्चतम अङ्क भएकोले उक्त ठेक्का मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ को उपदफा (२) बमोजिम स्वीकृत गरी सम्झौता प्रक्रिया अगाडि बढाउँने निर्णय गरियो।

निर्णय नं. २ : मेलम्ची नगरपालिका मनसुनजन्य विपद् प्रभावित राहत पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान तथा कोष सञ्चालन कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ३ : मेलम्ची नगरपालिकाको मेलम्ची बाढीपीडित राहत तथा पुनर्स्थापना कोषमा विभिन्न संघ/संस्था तथा व्यक्तिहरुबाट मिति २०७८ साल असार २ गते देखि २०७८ साल असार १४ गतेसम्म प्राप्त भएको तपसिल बमोजिमको आम्दानी वैठक समक्ष जानकारी गराइयो ।

## तपसिल

मेलम्ची नगरपालिका
# मेलम्ची नगर कार्यपालिकाको कार्यालय
मेलम्ची,सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
फोन नं.:०११-४०१०८९
स्थापना:

मिति:-२०७८/०३/१४

सहयोगको लागि धन्यवाद !

यस मेलम्ची नगरपालिकाले स्थापना गरेको " मेलम्ची बाढी पिडित राहत तथा पुनःस्थापना कोष" मा आज दिनको ५ बजेसम्म जम्मा भएको सहयोग रकम निम्नानुसार छ। यस संकटको घडिमा सहयोग गर्ने सम्पूर्ण महानुभावहरुमा धेरै धेरै धन्यवाद !!

| क्र.स. | नाम थर | सम्पर्क नम्बर | ठेगाना | प्राप्त रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | मेलम्ची नगरपालिका | ०११-४०१०८९ | मेलम्ची,सिन्धुपाल्चोक | ५००००००.०० | |
| २ | नमोबुद्ध नगरपालिका | | भकुण्डेबेशी, काभ्रे | ३०३३३३.०० | |
| ३ | कुमार प्रसाद कोइराला | | भक्तपुर | २५०००.०० | |
| ४ | ईन्द्रेणी ग्रुप | | | १०००००.०० | |
| ५ | लालीगुँरास डट कम | | | ११४०००.०० | |
| ६ | भेषराम ढकाल | | | २००००.०० | |
| ७ | पुण्य गौतम | | | १४२५०.०० | |
| ८ | दिपक बोगटि | ९८६१०९५६७७ | मेलम्ची,सिन्धुपाल्चोक | १०००.०० | |
| ९ | बाल कुमार बरुवाल | ९८६१४३१५३३ | मेलम्ची,सिन्धुपाल्चोक | १०००.०० | |
| १० | राजेन्द्र न्यौपाने लगायत साथीहरु | ९८५११४३६७४ | ईन्द्रावती-०७,मेलम्ची | ४७५५०.०० | |
| ११ | अग्रेनी पुन | | काठमाडौं | ३५००.०० | |
| १२ | सिन्धुली उध्योग वाणिज्य संघ,मरिण उपशाखा | | सिन्धुली | ५१०००.०० | |
| १३ | मरिण गाउँपालिका | | सिन्धुली | १५००००.०० | |
| १४ | मधुवन रेस्टुरेन्ट एण्ड रिसोर्ट प्रा.लि. | | सिन्धुली | १३०००.०० | |
| १५ | प्रदिप कुमार थापा | | | ५००००.०० | |
| १६ | बेला गुरुङग | | काठमाडौं | ५५०५.०० | |
| १७ | बिष्णु थापा/सर्वोत्तम टेण्ट हाउस | | | १११०५.०० | |
| १८ | बद्री के.सी. र ज्ञानु के.सी. | | | ५२२५.०० | |
| १९ | लक्ष्मण बस्नेत र सानु बस्नेत | | | १००००.०० | |
| २० | शिवहरी थापा र लिला थापा | | | ५००५.०० | |
| २१ | मण्डन देउपुर नगरपालिका | | काभ्रेपलाञ्चोक | ३५१०००.०० | |
| २२ | पनौती नगरपालिका | | काभ्रेपलाञ्चोक | १००००००.०० | सच्याईएको |
| २३ | चाँगुनारायण नगरपालिका | | भक्तपुर | १००००००.०० | |
| २४ | प्रदिप(रामबाबु)जमरकट्टेल | | बुढानिलकण्ठ-१२,काठमाडौं | २००००.०० | |
| २५ | छत्र बहादुर बस्नेत र भिम बहादुर बस्नेत | | बुढानिलकण्ठ-१२,काठमाडौं | ११०००.०० | |
| २६ | आङदावा शेर्पा | | बुढानिलकण्ठ-१२,काठमाडौं | ५०००.०० | |

| क्र.स. | नाम थर | सम्पर्क नम्बर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|---|
| २७ | सानु सत्याल | | बुढानिलकण्ठ-१२,काठमाडौं | ३५००,०० | |
| २८ | धनञ्जय दुलाल | | मेलम्ची-११,सिन्धुपाल्चोक | ५००००.०० | |
| २९ | हरिहरपुरगढी गाउँपालिका | | सिन्धुली | १०००००.०० | |
| ३० | मालिका प्रसाइ | | | ७३०००.०० | |
| ३१ | छायाँ बस्ती र बुद्धनगर | | चाँगुनारायण/शंखरापुर न.पा.-०५ | २६३७५.०० | |
| ३२ | इसेवा मार्फत | | | ३१११.०० | |
| ३३ | विभिन्न बैंक मार्फत नाम नखुलेको | | | ३२०००.०० | |
| ३४ | काठमाडौं महानगरपालिका | | काठमाडौं | २००००००,०० | |
| ३५ | कागेश्वरी मनोहरा नगरपालिका | | थली,काठमाडौं | १००००००,०० | |
| ३६ | नगरपालिका कर्मचारीहरु( ३दिनको तलब) | | सिन्धुपाल्चोक | ५१८३२५.०० | |
| ३७ | नगरपालिका शिक्षकहरु( ३दिनको तलब) | | सिन्धुपाल्चोक | ११३६८२९.०० | |
| ३८ | जनप्रतिनिधीहरु(१ महिनाको सुविधा) | | सिन्धुपाल्चोक | ९४३०००,०० | |
| ३९ | राजेन्द्र भट्टराई | | | ५०००,०० | |
| ४० | रमेश विकल साहित्य प्रतिष्ठान | | आरुबारी | २००००,०० | |
| ४१ | राम प्रसाद पौडेल | | | १००००.०० | |
| ४२ | विजय चालिसे र सम्भ कुमार चालिसे | | | २५०००.०० | |
| ४३ | गोविन्द घिमिरे र रामहरी | | | ३००००.०० | |
| ४४ | तिमाल सिंह र पुरुषोत्तम चालिसे | | | १००००.०० | |
| ४५ | साहित्य सदन | | | २००००.०० | |
| ४६ | भाइराम पुरस्कार गुठी | | | २००००.०० | |
| ४७ | अविरल साहित्य समाज | | | १००००.०० | |
| ४८ | सुरभि साहित्य प्रतिष्ठान | | | ५०००.०० | |
| ४९ | बि.पि.पि.परिवार | | बुडोल-०६,बनेपा | ५००००.०० | सच्याईएको |
| ५० | भरत विष्ट | ९८४१२६३४०४ | | २५०००.०० | सच्याईएको |
| ५१ | डा.विनोद के.सी.र डा.सिस्टु के.सी. | | | ३७५००.०० | सच्याईएको |
| ५२ | सदानन्द कँडेल | | | ५५०००.०० | |
| ५३ | ज्योति के.सी. | | | ५०००.०० | |
| ५४ | हुतराज अर्धचन्द्र पब्लिक वेलफेयर अर्गनाईजेशन | | | १०१०००,०० | सच्याईएको |
| ५५ | असयपुर मस्थापना समाज | | | १००००,०० | |
| ५६ | नेकपा (एमाले) बागमती प्रदेश कमिटी | | | १०३८६१०.०० | |
| ५७ | नरमाया थापा | | | ५०००.०० | |
| ५८ | मध्यपुर थिमी नगरपालिका | | भक्तपुर | ११११११.०० | |
| ५९ | भाष्कर खनाल | | कागेश्वरी मनोहरा-०६,काठमाडौं | १०१५५.०० | |
| ६० | ट्रान्जेक्सन नं. २२८३५४६५ मार्फत | | | ११११.०० | |
| ६१ | ट्रान्जेक्सन नं. २२८६५५२९ मार्फत | | | ६६१.०० | |

| क्र.स. | नाम थर | सम्पर्क नम्बर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ६२ | केशव प्रसाद खतिवडा | | तारकेश्वर नगरपालिका-०५,काठमाडौं | १८०५०.०० | |
| ६३ | घनश्याम लामिछाने | | | | |
| ६४ | शिवहरी धिताल'जीवा' | | | | |
| ६५ | जनार्दन धिताल | | | | |
| ६६ | विकास खतिवडा | | | | |
| ६७ | बासुदेव रेग्मी | | | | |
| ६८ | राधाकृष्ण धिताल | | | | |
| ६९ | मोतिराम लामिछाने | | | | |
| ७० | कपिल धिताल | | | | |
| ७१ | टंक प्रसाद धिताल | | | | |
| ७२ | पुरुषोत्तम खतिवडा | | सिन्धपाल्चोक | ५०५००.०० | |
| ७३ | भट्टराई कुलवंश प्रतिष्ठान,जिल्ला कार्य समिति | | कागेश्वरी मनोहरा-०६,काठमाडौं | ५५०००.०० | |
| ७४ | लक्ष्मीनारायण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | | तारकेश्वर नगरपालिका-०५,काठमाडौं | २१०००.०० | |
| ७५ | अशोक कुमार धिताल | | | | |
| ७६ | सुदर्शन धिताल | | | | |
| ७७ | राजाराम धिताल | | | | |
| ७८ | उद्धव खतिवडा | | | | |
| ७९ | लक्षु प्रसाद बोहोरा | | | | |
| ८० | बचुराम धिताल | | | | |
| ८१ | शिव धिताल | | सिन्धुली | २००००.०० | |
| ८२ | कमलामाई नगरपालिका | | | १००००.०० | |
| ८३ | बैंक मार्फत नाम नखुलेको | | | ५१०००.०० | |
| ८४ | बैंक मार्फत नाम नखुलेको | | ललितपुर | २५०००.०० | |
| ८५ | रोटरी क्लब | | सिन्धुकोट-०५, मेलम्ची | ३५३३५.०० | |
| ८६ | पाल्चोकी जयबागेश्वरीमाई सेवा समाज | | धादिङ्ग | ३००००.०० | |
| ८७ | धुनीवेशी नगरपालिका | | धनकुटा | २५०००.०० | |
| ८८ | पाखिबास नगरपालिका | | बारा | ३००००.०० | |
| ८९ | निजगढ नगरपालिका | | केन्द्रिय सदस्य,नेपाली काङ्ग्रेस | १००००.०० | |
| ९० | बिष्णु विक्रम थापा | | | १००००.०० | |
| ९१ | ट्रान्जेक्सन नं. २३२०३०८१ मार्फत | | | ७०००.०० | |
| ९२ | ट्रान्जेक्सन नं. २११५२३३६ मार्फत | | | ५००००.०० | |
| ९३ | ट्रान्जेक्सन नं. २३२६४६३५ मार्फत | | | १५५०१.०० | |
| ९४ | ईसेवा मार्फत | | | १०००.०० | |
| ९५ | ईसेवा मार्फत | | | | |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

| क्र.स. | नाम थर | सम्पर्क नम्बर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ९६ | दिल बहादुर श्रेष्ठ | | सिन्धुपाल्चोक | | |
| ९७ | राम कृष्ण श्रेष्ठ | | सिन्धुपाल्चोक | | |
| ९८ | नवाङ शेर्पा | | दोलखा | | |
| ९९ | राम श्रेष्ठ | | सिन्धुपाल्चोक | | |
| १०० | नेत्र बस्नेत | | गुल्मी | | |
| १०१ | पेमा डोमा शेर्पा | | दोलखा | | |
| १०२ | मेन्जीना गुरुङ्ग | | चितवन | | |
| १०३ | प्रिया गुरुङ्ग | | पोखरा | | |
| १०४ | संगम लामा | | पोखरा | | |
| १०५ | अमर गुरुङ्ग | | रामेछाप | | |
| १०६ | किरण परियार | | पोखरा | | |
| १०७ | भरत बराल | | झापा | | |
| १०८ | हुमा गुरुङ्ग | | पोखरा | | |
| १०९ | गणेश भट्ट | | गोरखा | | |
| ११० | हिरा बस्नेत | | | | |
| १११ | खिम बहादुर पुन | | रुकुम | | |
| ११२ | सरोज के.सी. | | काठमाडौं | | |
| ११३ | रुवी घले | | काठमाडौं | ५०००००.०० | हाल अमेरिकामा कार्यरतहरुले एक मुष्ठ रु.५,००००० प्रदान गर्नुभएको। |
| ११४ | विमला गुरुङ्ग | | काठमाडौं | | |
| ११५ | चण्डिका श्रेष्ठ | | काठमाडौं | | |
| ११६ | गौरी मानन्धर | | काठमाडौं | | |
| ११७ | विपिन श्रेष्ठ | | काठमाडौं | | |
| ११८ | अर्चना श्रेष्ठ | | काठमाडौं | | |
| ११९ | दावा लामा | | काठमाडौं | | |
| १२० | बन्दना गुरुङ्ग | | पोखरा | | |
| १२१ | प्रित गुरुङ्ग | | | | |
| १२२ | करण जित सिंह | | भारत | | |
| १२३ | प्रकाश थापा | | स्याङ्जा | | |
| १२४ | तारा लामा थोकर | | रसुवा | | |
| १२५ | बुद्धि विश्वकर्मा | | चितवन | | |
| १२६ | हिरामोती श्रेष्ठ | | काठमाडौं | | |
| १२७ | मञ्जु बास्तोला | | काठमाडौं | | |
| १२८ | चाँदनी तामाङ | | सिन्धुपाल्चोक | | |
| १२९ | कृष्ण गुरुङ्ग | | | | |
| १३० | गल्छि गाउँपालिका | | धादिङ | २०००००.०० | |
| १३१ | बिनोद तामाङलगायत साथीहरु | | | ५५०००.०० | |
| जम्मा | | | | ३७०२७१४७.०० | |

निर्णय नं. ४ : मिति २०७८ साल असार १ गते ईन्द्रावती र मेलम्ची नदीमा आएको बाढीपहिरोबाट विस्थापित भई इन्द्रेश्वरी मा.वि. मेलम्चीको सेल्टरमा रहेका विस्थापित परिवारको व्यवस्थापन (खाना, खाजा,भाँडाकुँडा, ग्याँस चुल्हो, ग्याँस सिलिन्डर लगायत) र बाढीबाट प्रभावित घर/संरचना, सडक, पुल, पुलेसा लगायत सार्वजनिक संरचनाको संरक्षणको लागि स्काभेटर, इन्धन लगायतका क्षेत्रमा खर्च भएको देहायका खर्चहरु सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपदफा १ (घ३) मा भएको व्यवस्था बमोजिम खर्च अनुमोदन गरी भुक्तानी गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

(क) ईन्धन, भाँडाकुँडा र खाद्यान्न खर्च :

| S.N | Particular | Qty | Rate | Amount | Remarks* |
|---|---|---|---|---|---|
| | **१. इन्धन** | | | | |
| 1 | Diesel | 2900 | 110.9 | **321,610.00** | नारायण आयल स्टोर |
| | **२. भाडाकुडा** | | | | |
| 1 | स्टील थाल | 140 | 95.1 | 13,314.00 | नविन एण्ड प्रविन सप्लायर्स |
| 2 | स्टील गिलास | 140 | 41.0857 | 5,752.00 | नविन एण्ड प्रविन सप्लायर्स |
| 3 | स्टील कचौरा | 140 | 52.2143 | 7,310.00 | नविन एण्ड प्रविन सप्लायर्स |
| 4 | कराई | 6 | 722.167 | 4,333.00 | नविन एण्ड प्रविन सप्लायर्स |
| 5 | डाडुपन्यू | 27 | 150 | 4,050.00 | नविन एण्ड प्रविन सप्लायर्स |
| 6 | ग्याँस चुल्हो सेट | 96 | 2545.83 | 244,400.00 | नविन एण्ड प्रविन सप्लायर्स |
| 7 | डेक्ची | 17 | 322.941 | 5,490.00 | नविन एण्ड प्रविन सप्लायर्स |
| 8 | ग्यास सिलिण्डर | 15 | 3750 | 56,250.00 | नविन एण्ड प्रविन सप्लायर्स |
| | **जम्मा** | | | **340,899.00** | |
| | **३. खाद्यान्न** | | | | |
| 1 | चामल | 20 | 1700 | 34,000.00 | गज्याजु खाद्य स्टोर |
| 2 | रातोदाल | 2 | 2760 | 5,520.00 | गज्याजु खाद्य स्टोर |
| 3 | कालो दाल | 2 | 3575 | 7,150.00 | गज्याजु खाद्य स्टोर |
| 4 | तेल | 5 | 1860 | 9,300.00 | गज्याजु खाद्य स्टोर |
| 5 | मस्यौरा | 1 | 1150 | 1,150.00 | गज्याजु खाद्य स्टोर |

| | | | | | |
|---|---|---|---|---|---|
| 6 | मसला | 5 | 350 | 1,750.00 | गज्याजु खाद्य स्टोर |
| 7 | आयोनुन | 20 | 20 | 400.00 | गज्याजु खाद्य स्टोर |
| 8 | बेसार | 5 | 320 | 1,600.00 | गज्याजु खाद्य स्टोर |
| 9 | खुर्सानी | 5 | 350 | 1,750.00 | गज्याजु खाद्य स्टोर |
| 10 | चिउरा | 4 | 1300 | 5,200.00 | गज्याजु खाद्य स्टोर |
| **जम्मा** | | | | **67,820.00** | |
| **कुल जम्मा** | | | | **730,329.00** | |

(ख) सार्वजनिक तथा अन्य संरचना संरक्षण (स्काभेटर, ढुङ्गा, ट्रिपर, पाइप तथा अन्य) खर्च :

| क्र.स | विवरण | रकम भ्याट सहित | कैफियत |
|---|---|---|---|
| १ | ग्याबिन खरिद | 1,047,205.02 | |
| २ | ढुंगा खरिद | 756,000.00 | |
| ३ | ढुंगा राजश्व | 896,700.00 | |
| ४ | ट्रक/टिपर ढुवानी खर्च | 663,000.00 | |
| ५ | मेसिन (Excavator 220 Bucket) | 2,112,000.00 | |
| ६ | मेसिन (Excavator 220 Breaker) | 210,500.00 | |
| ७ | Backloader | 107,139.85 | |
| ८ | HDPE पाइप खरिद | 178,819.76 | |
| ९ | HDPE पाइप खरिद (१६० mm) | 296,533.80 | |
| १० | पुरानो बजार पुलको लठ्ठा काटेको | 10,000.00 | |
| ११ | तेल | 662,509.00 | |
| १२ | दोभानको दुई वटा झोलुङ्गे पुलको लठ्ठा काटेको | 20,000.00 | |
| | **कूल जम्मा** | **69,60,407.44** | |

निर्णय नं. ५ : मिति २०७८ साल असार १ गते मेलम्ची र ईन्द्रावती नदीमा आएको बाढीपहिरोबाट विस्थापित भएका घर परिवारलाई बाढीपीडित घर परिवार अस्थायी परिचयपत्र वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : मेलम्ची र ईन्द्रावती नदीमा आएको बाढीबाट विस्थापित एवं प्रभावितहरुलाई राहत प्याकेज निर्धारण गर्ने सम्बन्धमा गठित समितिले पेश गरेको प्रतिवेदन बमोजिम तत्कालको लागि दोहोरो नपर्ने गरी देहाय बमोजिम नगद राहत प्याकेज प्रदान गर्नको लागि जलवायु अनुकुलन तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएको हुँदा उक्त समितिबाट सिफारिस भए बमोजिम देहाय अनुसार नगद राहत प्याकेज प्रदान गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

(क) बाढीबाट घर/संरचना पूर्ण रुपमा क्षती भई हाल बसोबास गर्न योग्य नभएका घर परिवारलाई नगद रु. २५,०००।– उपलब्ध गराउने ।

(ख) बाढीबाट घर/संरचना आंशिक क्षती भई उक्त घरमा हाल बसोबास नभएको तर पुन: खोला नियन्त्रणमा आउदा मर्मत गरी बसोबास गर्न मिल्ने घर परिवारलाई नगद रु. २०,०००।- उपलब्ध गराउने ।

(ग) कानून बमोजिम व्यवसाय दर्ता गरी जग्गा लिजमा लिई टहरो निर्माण गरी व्यवसाय संचालन गरेको र बाढीबाट व्यवसाय पूर्ण रुपमा क्षती भएका परिवार/व्यवसायीलाई लाई नगद रु. १५,०००।- उपलब्ध गराउँने ।

(घ) कानून बमोजिम व्यवसाय दर्ता गरी भाडामा बसेका र हाल बाढीबाट घर/संरचनामा आंशिक क्षती भई हाल अन्यत्र बसेका तर पुन: खोला नियन्त्रणमा आएपछि सोही स्थानमा व्यवसाय संचालन गर्न मिल्ने व्यवसायीलाई नगद रु. १०,०००।- उपलब्ध गराउँने ।

निर्णय नं. ७ : बाढीबाट क्षती भएका संरचना तथा स्थानमा तत्काल संरक्षण गर्नको लागि लागि (२×२×१) को ७०० थान तारजाली खरिद गर्न र बाढीबाट क्षती भएका खानेपानी संचालन गर्नको लागि विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी रु. १०,००,०००।– (अक्षेरुपी दश लाख मात्र) बजेट विनियोजन गर्न जलवायु अनुकुलन तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएको हुँदा उक्त समितिबाट सिफारिस भए बमोजिम तारजाली खरिद गर्ने र खानेपानी संचालनको लागि बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : मेलम्ची नगरपालिका भित्र बाढीबाट क्षती भएका संरचना र नदी तटीय क्षेत्रको संरक्षण गर्न , नदीले थुपारेका नदीजन्य पदार्थ निर्कोल्ने, पन्छाउँने लगायतका कार्य गर्न जिल्ला विपद् व्यवस्थापन समिति, सिन्धुपाल्चोकमा प्रतिवेदन पठाइएकोमा उक्त स्थलगत प्राविधिक प्रतिवेदन बमोजिमको स्थानमा कार्य गर्ने गरी स्वीकृति प्राप्त भए पश्चात नगरपालिकाबाट ई–बिड तथा हार्डकपी मार्फत प्राप्त दररेट मध्ये न्यूनतम दररेट स्वीकृत गरी खरिद प्रक्रिया अगाडी बढाउँने निर्णय गरियो ।

निर्णय नं. ९: बाढीबाट क्षती भएका खेती योग्य जग्गा जमितहरुको यथार्थ तथ्याङ्क संकलन गरी पेश गर्नको लागि सम्बन्धित वडा कार्यालय र कृषि विकास शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १० : ईन्द्रावती र मेलम्ची नदीमा आउने बाढीको पूर्व सूचना दिने गरी राम लक्ष्मण इनोभेसन नामक संस्थाबाट जडान गरिएको साइरनको भुक्तानी दिनको लागि मेलम्ची खानेपानी विकास समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : मेलम्ची नगरपालिका वडा नं. १ स्थायी निवासी भिमसेन दंगालले आगलागीबाट भएको क्षतीको राहत उपलब्ध गराइदिनको लागि पेश गरेको निवेदनको सम्बन्धमा पूर्व निर्णय अनुसार राहत उपलब्ध गराउँने निर्णय गरियो ।

निर्णय नं. १२ : मेलम्ची नगरपालिका वडा नं. ९ स्थित गुफा चांखु सडक (ठेक्का नं. MMSI/WORKS/NCB/SQ/2077-78/22..) स्तरोन्नतीको लागि मिति २०७८/०२/१६ मा प्रकाशित बोलपत्र सूचना बमोजिमको तेश्रो पटकको ठेक्का रद्द गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ : मेलम्ची नगरपालिका वडा नं. १० स्थित बागमारा खोल्सीमा कजवे निर्माणका लागि विनियोजन भएको बजेट नपुग भएकोले रु. १६००००।– थप गरी निर्माण कार्य अगाडि बढाउँने निर्णय गरियो ।

निर्णय नं. १४ : मेलम्ची नगरपालिका वडा नं. ३ हैबुङ स्थित नगर स्तरीय पाँच शैयाको अस्पताल निर्माण गर्नको लागि सोही वडा निवासी श्री राम बहादुर गुरुङ्गबाट कि.नं. २६२ क्षे.फ. ४–०–०–० जग्गा मेलम्ची नगरपालिकाको नाममा प्राप्त भएकोले उक्त जग्गामा नगर स्तरीय पाँच शैयाको अस्पताल निर्माण गर्न बोलपत्र आव्हानको लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यालय, सिन्धुपाल्चोकलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ : मेलम्ची नगर कार्यपालिकाको कार्यालय अन्तर्गत वडा नं. ९ मा कार्यालय सहायक (सहायकस्तर चौथो) पदमा कार्यरत श्री होमनाथ दाहालले आफ्नो सेवामा निरन्तरता दिन नसक्ने भनी स्वेच्छिक कारण देखाई आफ्नो पदबाट राजिनामा दिनुभएको र उक्त राजिनामा यस कार्यालयबाट स्वीकृत भएकोले निजको जम्मा सेवा अवधि गणना गरी प्रति वर्ष १ महिनाको दरले अन्तिम महिनाको तलब स्केल बराबरले हुन आउँने रकम कर्मचारी कल्याण कोषबाट खर्च हुने गरी निजलाई सेवा सुविधा बापत उपलब्ध गराउँने निर्णय गरियो ।

निर्णय नं. १६ : मेलम्ची नगरपालिकाको राजस्व शाखाबाट प्राप्त भएको बजार अनुगमन प्रतिवेदन प्राप्त भई वैठक समक्ष जानकारी गराइयो ।

निर्णय नं. १७ : सातौं जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिता संचालन गर्नको लागि जिल्ला खेलकुद विकास समिति, सिन्धुपाल्चोकबाट मिति २०७७/१२/२३ मा प्रस्तावना पेश भई मिति २०७८ साल वैशाख

१० गते देखि १२ गतेसम्म यस नगरपालिकामा सातौं नगर स्तरीय राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिता संचालन गरिएकोमा उक्त खेलकुद प्रतियोगितको खर्च व्यवस्थापनको लागि युवा तथा खेलकुद शिर्षकबाट खर्च हुने गरी रु. ६०००००।– (अक्षरुपी छ लाख रुपैयाँ मात्र) भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १८ : मिति २०७८ साल असार १ गते ईन्द्रावती र मेलम्ची नदीमा आएको बाढी पहिरोबाट यस नगरपालिकाको वडा नं. ७, ८, ९ र १० मा जाने पक्की मोटर पुल तथा केही झलुङ्गे पुल समेत बगाई यस नगरपालिकाको प्रशासनिक केन्द्र मेलम्ची बजारसंग यातायात संचालनमा अवरुद्ध भएको हुँदा प्राविधिक लागत इष्टिमेट बमोजिम देहायका मोटरबाटोहरुलाई विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी देहाय बमोजिम बजेट व्यवस्था गरी वैकल्पिक मोटर बाटोको रुपमा संचालन गर्ने निर्णय गरियो ।

तपसिल

१. बिचारीचौर जयवागेश्वरी जाने मोटर बाटो, मेनपा ७,– रु. ४,००,०००।– (अक्षेरुपी चार लाख मात्र)
२. मेलम्ची कटुञ्जे धेसेनीचौर मानेभञ्जयाङ्ग तालामाराङ सडक, मेनपा ११ र ६ (लागत इष्टिमेट बमोजिम)
३. बाहुनेपाटी बागमारा बडहरे हुँदै १० नं. वडा कार्यालय जोड्ने सडक, मेनपा १० (लागत इष्टिमेट बमोजिम)

निर्णय नं. १९ : स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट मेलम्ची नगर युवा क्लव भवन तथा मेलम्ची नगरपालिका खेलकुद पूर्वाधार निर्माण गर्नको लागि रु. २० लाख बजेट विनियोजन गरिएकोमा प्रतिनिधि सभा सदस्य मा. श्री शेर बहादुर तामाङले मिति २०७७/०९/०२ को पत्रबाट उक्त योजना संशोधन भएको जानकारी गराउँनु भएको हुदाँ उक्त योजनामा विनियोजन भएको रकम नगरस्तरीय विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरियो ।

निर्णय नं. २० : आ.व. २०७७/०७८ मा आफ्नो गाउँ आफैं बनाउ विशेष कार्यक्रम अन्तर्गत संचालित योजनाहरु सम्पन्न गर्नको लागि मिति २०७८ असार २४ गतेसम्म समय थप गर्ने निर्णय गरियो ।

निर्णय नं. २१ : भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्राय, सिंहदरवार, काठमाडौंको च.नं. २७१/१४०३ मिति २०७८/०१/२० को पत्रबाट भु–उपयोग ऐन, २०७६ को दफा २० (१) बमोजिम देहाय अनुसार भू–उपयोग कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. नगर प्रमुख श्री डम्बर बहादुर अर्याल – अध्यक्ष
२. सम्बन्धित वडाका वडा अध्यक्ष – सदस्य
३. कृषि, वन, भूमि, सहरी विकास र भौतिक पूर्वाधार शाखा प्रमुख – सदस्य
४. सरोकारवालाहरुमध्येबाट स्थानीय भूउपयोग परिषद्ले तोकेको महिला सहित चार जना – सदस्य
५. प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

निर्णय नं. २२ : भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्राय, सिंहदरवार, काठमाडौंको गरिव घरधुरी पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमका लागि यस नगरपालिकामा खटिएका सुपरिवेक्षक तथा गणकहरुको कार्य कोभिड–१९ को कारणबाट स्थगित गरिएकोमा उक्त कार्यक्रमलाई निरन्तरता दिई उक्त कार्यक्रममा खटिएका सुपरिवेक्षक तथा गणकहरुको पारिश्रमिक कार्यक्रम सम्पनन् भए पश्चात भुक्तानी दिन गरी हाललाई नगरपालिकाको विविध खर्च खातामा जम्मा गर्ने निर्णय गरियो ।

निर्णय नं. २३ : मेलम्ची नगरपालिकाबाट मिति २०७८/०१/१२ गते प्रकाशित कर्मचारी पदपूर्ति सम्बन्धी विज्ञापन कोभिड–१९ को कारण स्थगित गरिएकोमा विज्ञापन नं. १०/०७७/०७८ देखि १४/०७७/०७८ सम्मका विज्ञापन हाललाई स्थगित गरी विज्ञापन नं. १५/०७७/०७८ देखि १७/०७७/०७८ सम्मका हेल्थ असिस्टेन्ट, अ.हे.ब. र अ.न.मी पदको पदपूर्तिको लागि दरखास्त पेश गर्ने समय पुन: ७ (सात) दिन थप गरी उक्त पदहरु पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. २४ : ईलाका प्रहरी कार्यालय, मेलम्ची र सशस्त्र प्रहरी सुरक्षा बल वेश क्याम, मेलम्चीको गडी मर्मतको खर्च उपलब्ध गराउँनको लागि निवेदन पेश भई आएको हुँदा देहाय अनुसार सवारी साधन मर्मत खर्च उपलब्ध गराउँने निर्णय गरियो ।

तपसिल

१. ईलाका प्रहरी कार्यालय, मेलम्ची रु. २,६०,०००।–
२. सशस्त्र प्रहरी सुरक्षा बल वेश क्याम मेलम्ची रु. ५०,०००।–

निर्णय नं. २५ : मिति २०७८ असार १ गते आएको बाढीबाट यस नगरपालिकाको कृषि विकास शाखा भवन र आयुर्वेद शाखा भवनमा क्षति पुगी हाल उक्त शाखा मेलम्ची नगरपालिका वडा नं.११ स्थित टारमा संचालन गरिएको हुँदा उक्त भवनको भाडा सम्झौता अनुमोदन गरी भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. २६ : मिति २०७८ असार १ गते आएको बाढीपहिरोको कारण यस नगरपालिका क्षेत्रमा ठूलो धनजनको क्षती भएको र नदीले बहाब परिवर्तन गरी अझै क्षती पुर्याउँने क्रम जारी रहेको हुँदा यस नगरपालिका भित्र बाढी प्रभावित क्षेत्रका नागरिकहरुको जीउधनको सुरक्षा गर्नुपर्ने, बाँकी संरचनाहरुको संरक्षण गर्नुपर्ने र माथिल्लो क्षेत्रहरु हेलम्बु तथा पाँचपोखरी गाउँपालिका लगायत यस नगरपालिकाको अन्य वडाहरुसंग पनि सडक सञ्जाल तत्काल जोड्नुपर्ने भएकोले विशेष परिस्थितिको समयमा नेपाल सरकारले जारी गरेको विशेष परिस्थितिमा सार्वजनिक खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम छोटो समय र सोझै खरिद गर्ने प्रक्रिया अपनाई खरिद प्रक्रिया अगाडि बढाउँने निर्णय गरियो । साथै यो विशेष परिस्थितिमा यसभन्दा अगाडि असार १ गते पश्चात गरिएका सबै खरिद प्रक्रियाहरुलाई समेत अनुमोदन गर्ने निर्णय गरियो ।

२०७८/३/१६